# दुहवी नगरपालिका
# नगर कार्यपालिका को कार्यालय

दुहवी, सुनसरी
१ नं. प्रदेश, नेपाल

## शिलबन्दी बोलपत्र आह्वानको सुचना

## छैठौं पटक प्रकाशित सुचना मिति : २०७४/११/११

यस दुहबी नगरपालिका अर्न्तगत तपसिल बमोजिमका आ.व. २०७४/०७५ को लागि २०७५ अषाढ मसान्त सम्मको लागि शिलबन्दी बोलपत्र द्धारा आन्तरीक आय संकलनको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुदा इच्छुक व्यक्ती, सस्थाहरुले तपसिलका शर्तहरुका अधिनमा रही दुहबी नगरपालिका कार्यालयमा तोकिएको समय भित्र छुट्टा छुट्टै गोप्य शिलबन्दी वोलपत्र दाखिला गर्नु हुन छैठौं पटक यो सुचना प्रकाशित गरीएको छ ।

तपसिल

| क्र.स | ठेक्काको नाम, ठेगाना | न्युनतम ठेक्का अंक वार्षिक रु. |
|---|---|---|
| रा.आ.ठे.नं. ३ | जिउदो खशिबाखा हाटकर, दुहवी ४ | ६,०६,०००।०० |
| रा.आ.ठे.नं. ४ | दैनिक गुदरी हाटकर दुहवी ५ र ६ | ३७५०००।०० |
| रा.आ.ठे.नं. ५ | खसि सुंगुर काटी मासु विक्री पसल कर दुहवी बजार | ७५,४००।०० |
| रा.आ.ठे.नं. ७ | भलुवा फर्साही हाटकर दुहवी ७ | १,००,०००।०० |
| रा.आ.ठे.नं. ११ | भैंसी डिल हाटकर दुहवी न.पा. ८ | ३,७४,०००।०० |
| रा.आ.ठे.नं. १६ | पटके सवारी कर दुहवी न.पा. ९ | १,१०,०००।०० |
| रा.आ.ठे.नं. १४ | कान्जी हाउस दुहवी न.पा. ९ | ३,०००।०० |
| रा.आ.ठे.नं. २० | बुग्डहरी चौकमा लाग्ने बुधबारे हाटिया, कर दुहवी न.पा. १२ | १५,०००।०० |
| रा.आ.ठे.नं. २१ | बजरंगबली चौकमा लाग्ने मंगलबारे र सनिबारे हाटकर, दुहवी न.पा. १२ | १५,०००।०० |
| रा.आ.ठे.नं. २२ | मधुधामी माछा पोखरी अन्दाजी ०-३-० जग्गाको पोखरी, दुहवी न.पा. १२ | ३०,०००।०० |
| रा.आ.ठे.नं. २४ | आईतबारे हाटकर दुहवी न.पा. ११ | १५,०००।०० |
| रा.आ.ठे.नं. २६ | बुधबारे हाटकर दुहवी न.पा. ८ | ३०,०००।०० |

**शर्तहरु :-**

१. शिलबन्दी वोलपत्र साथ रु.१० को टिकट टाँसी आफूले कवोल गरेको ठेक्का अंकको नेपाली नागरीक भए ५% र गैर नेपाली नागरीक भए १०% धरौटी वापत रकम दुहबी न.पा.,नगर कार्यपालिकाको कार्यालयको रा.वा.बैंक ईनरुवामा रहेको धरौटी खाता नं.(२२२०३०३००७१०३) मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गर्नु पर्नेछ ।

२. शिलबन्दी वोलपत्र साथ वोलपत्रवालाले नेपाली नागरीकताको प्रतिलिपि अनिवार्य संलग्न गर्नु पर्नेछ । सस्थाको हकमा संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. शिलबन्दी बोलपत्र फारम दस्तुर : रु. १०००/(फिर्ता नहुने गरी) बोलपत्र फारम दुहबी न.पा.नगर कार्यपालिकाको कार्यालयको कर शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

४. शिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम मिति छैठौं पटक सुचना जारी भएको १५ औं दिन सम्म (२०७४/११/२५), शिलबन्दी बोलपत्र मिति २०७४/११/२६ गते १२:०० बजे सम्म दुहवी न.पा., नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्नु पर्ने छ र शिलबन्दी बोलपत्र मिति २०७४/०६/२६ गते दिनको ०२:०० बजे यस न.पा.कार्यालयमा खोलिने छ ।

५. म्याद नाघी आएको वा रीत नपुगेको टेण्डर फाराम उपर कुनै कारवाहि हुनै छैन ।

६. शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

७. दर्ता भएको बोलपत्रहरु नियमानुसार खोली स्वीकृत हुने शिलबन्दी वोलपत्रवालाले स्वीकृत ठेक्का रकम ठेक्काको सम्झौता संगै एकमुष्ट रकम बुझाउनु पर्ने छ र सम्पुर्ण ठेक रकम एकमुष्ट बुझाएमा १०% प्रतिशत छुट दिईनेछ ।

८. दर्ता भएको शिलबन्दी बोलपत्रहरु तोकिएको मिति र समयमा बोलप्रत्रवाला वा निजको प्रतिनिधि को रोहवरमा दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालयमा नियमानुसार खोलिनेछ ।

९. नगरपालिकाले तोकि दिएको दर रेटमा फरक नपर्ने गरी ठेक्का संचालन गर्नुपर्ने छ ।

१०. अन्य जानकारीको लागि दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालयको राजश्व तथा कर शाखामा कार्यालय समय भित्र टेलिफोन नम्वर ०२५- ५४००२४ मा सर्म्पक राख्न सकिनेछ ।

११. बार्षिक ठेक्का रकम बाँकी अवधीको लागि स्वीकृत भएको दिन देखि दामासाहीले लागु हुनेछ ।ठेक्का नं. २५ को हकमा फाल्गुन महिना देखि अषाढ महिना सम्मको लागि मात्र दामासाहीले ठेक्का व्यवस्थापन गरिनेछ ।

नोट : बोलपत्र दर्ता गर्ने अन्तिम मिति तथा सिलबन्दी बोलपत्र खोलिने मितिमा सार्वजनिक विदा पर्न गएमा त्यसको भोली पल्ट दर्ता हुने तथा खोलिने छ ।